# ग्रामथान गाउँपालिकाको कृषि व्यवसाय प्रवर्धन अनुदान कार्यविधि, २०७७

**पृष्ठभूमीः**

ग्रामथान गाउँपालिकाले कृषि क्षेत्रलाई सम्बृद्धीको आधार मानेको छ । ग्रामथान गाउपालिकालाई आर्थीक रुपमा समृद्धी तर्फ लैजान सहयोग पुर्याउने विभिन्न विषयगत क्षेत्र मध्ये एउटा प्रमुख सम्भागको रुपमा रहेको कृषिलाई समय सापेक्ष व्यवसायीकरण एवं आधुनिकिकरणमा सहयोग पुर्याउनका लागी कृषि कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन जरुरी छ । कृषिमा आधुनिकिकरण, व्यवसायीकरण, औधोगीकरण गरीनागरीकको आय बृद्धी गर्न तथा रोजगारी सृजनाको लागी ग्रामथान गाउँपालिकाको कृषि निति २०७७ बमोजीम ग्रामथान गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्न) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कृषि व्यवसाय प्रवर्धन अनुदान कार्यविधि, २०७७ लागु गरीएको छ ।

## प्रारम्भीकः

१. **संक्षीप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "कृषि व्यवसाय प्रवर्धन अनुदान कार्यविधि,२०७७" रहने छ ।

(२) यो कार्यविधि ग्रामथान गाउँपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस् कार्यविधिमाः-

(क) "निति" भन्नाले ग्रामथान गाउँपालिकाको कृषि निति २०७७ सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले ग्रामथान गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिसका सम्झनुपर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले ग्रामथान गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले ग्रामथान गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(च) "वडा" भन्नाले ग्रामथान गा.पा. भित्र पर्ने वडा कार्यालयलाई सम्झनु पर्दछ ।



(छ) "वडा अध्यक्ष" भन्नाले ग्रामथान गा.पा. भित्र पर्ने वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस् ग्रामथान गा.पा को प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

(झ) "विषयगत समिति" भन्नाले कृषि क्षेत्र समेत हेर्ने गरी गठित समिति सम्झनु पर्दछ ।

(ञ) "संयोजक" भन्नाले विषयगत समितिको संयोजक सम्झनु पर्दछ ।

(ट) "अनुदान" भन्नाले यस् कार्यविधि अन्तर्गत कृषकलाई दिईने अनुदान सम्झनु पर्दछ ।

(ठ) "कार्यविधि" भन्नाले ग्रामथान गाउँपालिकाको कृषि कार्यविधि २०७७ सम्झनु पर्दछ ।

(ड) "कार्यक्रम" भन्नाले ग्रामथान गाउँपालिका बाट स्वीकृत कृषि कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ढ) "समिति" भन्नाले गाउँकार्यपालिका भित्र गठीत कृषि संग सम्बन्धीत विषयगत समिति सम्झनुपर्छ ।

(ण) "कृषक समन्वय समिति" भन्नाले कृषक समूहहरु मिलि गठीत समितिलाई सम्झीनु पर्दछ ।

(त) "समुह" भन्नाले ग्रामथान गाउँपालिका भित्रका साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै पनि आधिकारिक निकायमा विधिवत रुपमा दर्ता भएको कृषि कार्यमा संलग्न सकृय कृषक समूह सम्झनुपर्दछ ।

(थ) "कृषि व्यवसाय" भन्नाले कृषि, पशुपन्छी, मत्स्य, खाद्यजन्य लगायत उत्पादनलाई व्यवसायीकरण, बजारीकरण एवं औधोगीकरण गर्नेलाई समेत बुझीन्छ ।

(द) "सहकारी" भन्नाले ग्रामथान गाउँपालिका भित्रका डिभिजन सहकारी कार्यालयमा विधिवत रुपमा दर्ता भएको सकृय कृषि सहकारी सम्झनुपर्दछ ।

(ध) "फर्म" भन्नाले ग्रामथान गाउँपालिका भित्रका एकल वा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै पनि आधिकारिक निकायमा

विधिवत रुपमा दर्ता भएको कृषि कार्यमा संलग्न सकृय कृषि फर्म सम्झनुपर्दछ ।

(न) "अनुदानग्रही" भन्नाले यस् कार्यविधि बमोजीम छनौट भएका कृषि उद्यमि, कृषक समूह, कृषि सहकारी, कृषि विकास संग सम्बन्धीत समिति र कृषि व्यवसायी सम्झनु पर्दछ ।

(न्) "कृषि क्षेत्र" भन्नाले कृषि सेवा, विकास संग सम्बन्धीत बालिनाली, उन्नत बीउ विजन, कृषि औजार, कृषि रसायनिक र प्राङ्गारीक मल, किटनासक जैविक तथा अन्य विषादी, साना सिंचाई, कृषि लगानी, कृषि सहकारी, कृषि हाटबजार, कृषि प्रसार, कृषक समूह लाई सम्झनु पर्दछ ।

**३. <u>उद्देश्यहरुः</u>** यस् कार्यविधिका उद्देश्यहरु देहाय बमोजीम हुनेछ ।

(क) कृषि कार्यक्रम सञ्चालन प्रकृयालाई सरल, छिटो छरितो, प्रभावकारी एवं पारदर्षि बनाउन मद्दत गर्नु ।

(ख) स्थानीय सरकारको रुपमा यस् गाउँपालिकालाई कृषकमुखि बनाउँदै लैजानु ।

(ग) गाउँ स्तरबाट सञ्चालन हुने कृषि कार्यक्रमहरुलाई मार्गदर्षन प्रदान गर्ने ।

(घ) प्रत्येक नागरीकले आफै स्वस्थ्य तरकारी उत्पादन गरी, सन्तुलित आहार, स्वास्थ्य जिवन जीउन प्रेरीत गर्ने ।

(ङ) नागरीकको आय बृद्धी, रोजगारी सृजना तथा खाद्यान्न तथा तरकारीमा आत्मनिर्भर बनाउने ।

(च) नगदे बाली (तरकारी, च्याउ, माछा, केरा, फलफूत तथा मौरी पालन) को उत्पादनलाई नागरीकको अम्दानी, रोजगारी संगै पर्यटन विकासमा जोड्दै उत्पादन पकेट क्षेत्रको रुपमा गाउँपालिकालाई स्थापित गर्ने ।

(छ) आधुनिक कृषि प्रणाली अवलम्बन गरी उत्पादकत्व बृद्धीका साथै कृषिमा आधारीत उद्योग सञ्चालनमा जोड दिने साथै रोजगारी सृजना गर्ने ।

(ज) कृषकको भकारो सुभार गरी गाई,भैंसीको बसाई व्यवस्थापन तथा प्राङ्गारीक तरकारी लगायत कृषिजन्य उत्पादनमा बृद्धी गर्ने ।



(झ) कृषि व्यवसायमा थप लगानी गर्ने वातावरण सृजना गरी रोजगारी वृद्धी गर्ने तथा विदेशिएका युवाहरुलाई समेत स्वदेशमै व्यवसाय सञ्चालन गर्न उत्प्रेरीत गर्ने ।

(ञ) आवस्यकता अनुसार कृषि क्षेत्रमा सहयोग पुर्याउने खाल्का विविधकिसिमका अनुदान कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ट) वस्तु विषयगत तालिमको सञ्चालन गरी कृषकहरुलाई दक्ष बनाउँदै उत्प्रेरीत गर्ने ।

**४. <u>अनुदान उपलब्ध गराउन सक्नेः</u>** ग्रामथान गा.पाले बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजीम अनुदान उपलब्ध गराउन सक्नेछ ।

**५. <u>सूचना प्रवाह र अनुदानग्राही छनौटः</u>**

(१) अनुदान सम्बन्धी कार्यक्रम सञ्चालन गर्न कार्यलयले बार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजनीक रुपमा अधिकतम कृषकहरु समक्ष सुचनाको पहुँच पुग्ने गरी आवेदन मागको लागी कम्तीमा १५ दिनको सूचना प्रकाशन प्रसारण गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजीम प्राप्त आवेदन छानबीन गरी छनौटका लागी सम्बन्धीत कार्यलयले छनौट समितिमा पठाउनुपर्नेछ । छनौट समिति यस् कार्यविधिले तोके बमोजीम हुनेछ ।

(३) अपदफा २ बमोजीम छनौट समितिले गरेको निर्णय अनुसार कार्यलय प्रमुखले कार्यान्वयन गर्नेछ ।

**६. <u>अनुदान रकमको सीमाः</u>**

(१) ग्रामथान गा.पा.बाट स्वीकृत बार्षीक कार्यक्रम र यस् कार्यविधिमा तोकिए बमोजीमको सिमा निर्धारण गरीनेछ ।

**७. <u>अनुदानग्राहीसंग सम्झौता गर्नुपर्नेः</u>**

(१) कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राहीसंग सम्झौता गर्नेछ र आवस्यक भएमा सो को जानकारी सम्बन्धीत बैंकलाई समेत दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजीम कार्यलयले अनुदानग्राहीसंग सम्झौता गर्दा अनुदानग्राहीले आफ्नो तर्फबाट लगानी गर्न प्रस्ताविक रकम नगदै वा ऋण लिई लगानी गर्ने भए ऋण स्वीकृत भएको वा हुने निश्चीत

भएको बैंकको प्रतिबद्दतापत्र र यस् कार्यविधि बमोजीम कार्य सम्पादन गर्न मञ्जुरी भएको बैंकको पत्र समेत पेश गर्नुपर्नेछ ।

(३) उपदफा १ बमोजीमको सम्झौतामा अनुदानग्राहीले कार्य शुरु गर्नुपर्ने समय, कार्य सम्पन्न गर्नु पर्ने समय, अनुदान भुक्तानी हुने बैंकको शाखा कार्यालय, आवधिक रुपमा कार्य सम्पन्न गर्नुपर्ने बिषय र सो बमोजीम अनुदान उपलब्ध गराउने समय तालीका अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

## ८. अनुदानको भुक्तानी बैंक मार्फत हनुपर्नेः-

(१) ग्रामथान गा.पा मा मान्यता प्राप्त गा.पा. क्षेत्र भित्र पर्ने बैंकसंग यस् कार्यविधि बमोजीम अनुदान रकम अनुदानग्राहीलाई उपलब्ध गराउन आवस्यक ब्यवस्था गराउनेछ ।

(२) कार्यलयले छनौट गरेको अनुदानग्राहीले अनुदान प्राप्तीको लागी आफूलाई पायक पर्ने बैंकमा खाता खोल्नु पर्नेछ ।

(३) ग्रामथान गा.पा.को आयोजना कार्य सम्पन्न प्रतिवेदनको आधारमा बैंकले अनुदानग्राहीलाई लागत अनुपातको हिसाबले वा प्राविधिक फाईनल विलको आधारमा भुक्तानी दिनेछ ।

(४) अनुदानग्रहीको खाता रहेको बैंक बाहेक अन्य बैंक भएमा वा उपदफा १ बमोजीम गा.पा क्षेत्र भित्र रहेको अनुदानग्राहीको खाता रहेको बैंकमा अनुदान रकम जम्मा गरिदिनेछ ।

(५) बैकले भुक्तानी गर्दा बडीमा २ दुई किस्तामा भुक्तानी गर्ने र पहिलो किस्ता भुक्तानी माग गर्दा कूल लागतको न्यूनतम ३० तीस प्रतिशत कार्य सम्पन्न भएमा,

(६) उपदफा ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीले चाहेमा शत प्रतिशत कार्य सम्पन्न गरेपत्श्चात अनुदानको एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

(७) कार्यलयले सिफारीस गरे पश्चात बैंकले सम्बन्धीत अनुदानग्राहीको बैंक खातामा अनुदान रकम जम्मा गरीदिनेछ

(८) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त नभई अनुदान रकमको अन्तीम किस्ता भुक्तानी हुने छैन ।



(९) प्रतिफलको आधारमा दिईने अनुदान रकम समूह, संस्था, सहकारीलाई अधिकतम ५० प्रतिशत वा प्रादेशिक/संघीय कार्यविधि बमोजीम अनुदान दिईनेछ ।

## ९.बीमा गर्नुपर्नेः

यस कार्यविधि बमोजीम अनुदान प्राप्त गर्ने अनुदानग्राहिले अनुदान प्राप्त गरेको ठूला आयोजनाको हकमा कृषि व्यावसायको बीमा गर्नु पर्नेछ ।

## ११. विवरण प्रकाशन गर्नुपर्नेः

अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने प्रत्येक छनौट तथा सम्झौता भएको विवरण कार्यलयको वेबसाईट तथा सुचना पाटीमा टाँस गरी नियमित रुपमा अध्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ ।

## १२. असुल उपर गर्नुपर्नेः

कार्यलयले यस् कार्यविधि बमोजीम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धीत पक्षबाट सरकारी प्रचलीत कानुन बमोजीम असुल उपर गर्नेछ ।

## १३. सम्झौता बमोजीम सञ्चालन हुनेः

यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दातृनिकायको सहयोगमा सञ्चालीत कार्यक्रम वा आयोजनाका क्रियाकलाप सञ्चालन गर्दा ग्रामथान गा.पा बीच भएको सम्झौता वा आयोजना कार्यान्वयन दस्तावेज बमोजीम सञ्चालन गरीनेछ ।

## १४. अनुदानग्राही छनौट, अनुगमन तथा मूल्याङ्कन छनौट समितिः

| | | |
|---|---|---|
| १ | गा.पा. प्रमुख | संयोजक |
| २ | गा.पा. उप-प्रमुख | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४ | आर्थीक विकास समिति संयोजक | सदस्य |
| ५ | गाउँपालिकाको कृषि शाखा हेर्ने प्राविधिक | सदस्य सचिव |

समितिले आवस्यकता अनुसार बढीमा २ जना बैठकमा सम्बन्धीत विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ र आवस्यकता बमोजीम बैठक राख्न सक्नेछ ।

## १५. कृषक समूह समन्वय समितिः

(क) टोल वस्तीमा गठन भएका कृषक समूहबाट प्रतिनिधित्व गर्दै प्रत्येक वडाहरुमा वडा स्तरीय कृषक समूह समन्वय समिति र हरेक वडा

स्तरीय समन्वय समितिको प्रतिनिधित्व हुने गरी गाउँस्तरीय कृषक समूह समन्वय समिति रहनेछ ।

(ख) गाउँ स्तरीय कृषक समूह समन्वय समिति १३ सदस्यीय रहनेछ ।

(ग) हरेक वडास्तरीय समन्वय समितिबाट प्रतिनिधित्व भई आएका ७ जना -सदस्य

(घ) व्यवसायीक कृषकहरु मध्येबाट कम्तीमा २ जना - सदस्य

(ङ) २ जना महिला, १ जना जनजाती, १ जना दलित पर्ने गरी मनोनित गरेको ४ जना – सदस्य

**१६. <u>अनुगमन तथा मूल्याङ्कनः</u>**

यस कार्यविधि बमोजीम सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन आवस्यकता अनुसार यस् कार्यलयबाट हुनेछ ।

**१७. <u>गुनासो व्यवस्थापनः</u>**

(१) अनुदानग्राहीले अनुदान प्राप्तीका सम्बन्धमा कुनै गुनासो भएमा सो अनुदान उपलब्ध गराउने सम्बन्धीत कार्यलय प्रमुख समक्ष निवेलन दिन सक्नेछ ।

(२) उपदफा १ बमोजीम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा सम्बन्धीत मूल्याङ्कन समितिमा त्यस्तो गुनासो प्राप्त भएको मितिले १५ दिन भित्र निरुपण तथा पुनरावलोकनको गर्नु पर्नेछ ।

(३) उपदफा २ बमोजीम परेको निवेदन उपर मूल्याङ्कन समितिले पुनरावलोकन निवेदन प्राप्त भएको मितिले १५ दिनभित्र त्यस्तो गुनासोको अन्तीम किनारा लगाउनेछ ।

**१८. <u>सेवाग्राहीलाई दिईने सहुलियत उल्लेख गर्नुपर्नेः</u>**

यस कार्यविधि बमोजीम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने अनुदानग्राहीले सम्बन्धीत सेवामा सेवाग्राहीलाई सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताका शर्तमा नै उल्लेख गरी लागु गर्नु पर्नेछ ।

**१९. <u>दोहोरो सुविधा लिन नपाउनेः</u>**

अनुदानग्राहीले एकै प्रकृतिको कामको लागी एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन । एकै प्रकृतिको कामको लागी एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ बर्ष सम्म उही प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरीने छैन ।



**२०. <u>अनुदानग्राही जिम्मेवार हुनेः</u>**

कुनै विशेष कारण वस वा कबुल बाहिरको परिस्थिति परि सम्झौता अनुरुप तोकिएको समय सिमा भित्र कार्य सम्पन्न हुन नसकि अनुदान रद्ख भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

**२१. <u>अनुदान प्राप्त गर्ने परियोजना/कार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्नेः</u>**

कुनै कारणवस प्रचलित ऐन कानुन विरुद्ध भएमा वा सम्झौता बमोजीम कार्यान्वयन नभएमा वा कारण वस छनौट समिति वा मूल्याङ्कन समितिले कार्यक्रम अगाडी बढाउन उपयुक्त नदेखेमा पूर्व जानकारी दिई सम्झौता रद्द गर्न वा अनुदानको रकम पूरा भुक्तानी नदिन सक्ने सम्मको कारवाही हुनेछ ।

**२२. <u>खारेजी वा संसोधनः</u>**

(१) यो कार्यविधि स्वीकृत गर्नुभन्दा अघी प्रदेश सरकारबाट कृषि अनुदान सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न स्वीकृत भएका कृषि अनुदान सम्बन्धीत कार्यविधि र निर्देशिकाहरुमा उल्लेखित छनौट एवं मूल्याङ्कनका आधारको परिमार्जन एवं संसोधन तथा आ.ब. २०७७/०७८ बाट सञ्चालन गरीने कार्यक्रमहरुको छनौट एवं मूल्याङ्कनका आधारहरु अनुसूची-१ बमोजीम हुनेछ ।

**२३. <u>कार्यक्रम पहिचान, छनौट, सञ्चालन प्रकृया तथा कार्यान्वयनः</u>**

| **क.सं** | **कार्यक्रमहरु** |
|---|---|
| **१** | हाईटेक नर्सरी निर्माण र प्लाष्ट्रिक ट्रनेल, थोपा सिंचाई, मल्चिङ्ग प्लाष्टीक घर निर्माण |
| **२** | माटो परीक्षण तथा सुधार सेवा कार्यक्रम |
| **३** | साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम |
| **४** | कृषि प्रसार सेवा टेवा कार्यक्रम |
| **५** | प्राङ्गारीक मल उत्पादन तथा उपयोग प्रवद्धन कार्यक्रम |
| **६** | कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यक्रम |
| **७** | विविध |

**(क) <u>गाउपालिकाः</u>** कार्यविधि पारीत गरी सफल रुपमा कार्यान्वयन भए नभएको प्रत्यक्ष निगरानी एवं अनुगमन, समय सापेक्ष परिमार्जन गर्दै लैजाने र प्रभावकारी रुपमा कार्यान्वयन गर्न लगाउने।

(ख) **<u>कृषि शाखाः</u>** प्राविधिक रुपमा जिम्मेवारी लिई कार्यक्रम कार्यान्वयन गर्ने ।

(ग) **<u>कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा कृषक समन्वय समितिः</u>** कार्यक्रमका उद्देश्यहरु हासिल गर्न कृयासिल भई उत्पादन तथा बजारीकरणमा प्रत्यक्ष रुपमा संलग्न भई प्रभावकारी रुपमा कार्य गर्ने ।

२५. **<u>विविधः</u>** यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलीत कानुन अनुसार हुनेछ ।

## अनुसूची-१

१. **कार्यक्रमको नामः** हाईटेक नर्सरी निर्माण (उच्च प्रविधि युक्त (Hi-tech Nursery) नर्सरी/स्थापना, संचालन, विस्तार र सुदृढीकरण ) र प्लाष्ट्रिक ट्रनेल, थोपा सिंचाई, मल्चिङ्ग प्लाष्टीक सेट सहित कार्यक्रम

१. **<u>पृष्ठभुमिः</u>**

स्वस्थ तथा गुणस्तरीय विरुवा तथा सम्बन्धीत वस्तु उत्पादनका लागी कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारीको साझेदारीमा उच्च प्रविधियुक्त नर्सरी र प्लाष्ट्रिक ट्रनेल, थोपा सिंचाई, मल्चिङ्ग प्लाष्टीक घर स्थापना गर्न सकिनेछ ।

२. **<u>परिभाषाः</u>**

(क) "नर्सरी" भन्नाले नेचुरल्ली भेन्टीलेटेड ग्रीनहाउस, हाईटेक ग्रीनहाउस, एग्रीनेट हाउस, प्लाष्टीक ट्रनेल (जि.आई.पाईप वा galvanized iron) मा सुक्ष्म सिंचाई पुर्वाधार तथा प्लाष्टीक मल्चिङ्ग छापो प्रयोग गरी फलफूल, तरकारी, पुष्प, जडीबुटी-जैविक/वानस्पतिक बिषादी, मसलाजन्य बालीको गुणस्तरीय बेर्णा उत्पादन समेतलाई सम्झनु पर्दछ ।

(ख) "उच्च प्रविधि युक्त नर्सरी" भन्नाले स्वचालित तथा वातावरण अनुकुलीत व्यवस्थापनको अतिरिक्त परावैजनी किरण अवरोधक पोलिथिन (U.V. stabilized polyethylene film), तापक्रम नियन्त्रण जाली (U.V. stabilized thermal net) , संगै एग्रीनेट र ईन्सेक्ट नेट (Agri net and insect net) को आवरण भएको Galvanized Iron र Aluminium Locking Profile बाट निर्मित सुक्ष्म सिंचाई प्रणाली



बाट पोषक तत्व (Fertigation) व्यवस्थापन आदी सहितको संरचना भित्र फलफूल, तरकारी, पुष्प, जडीबुटी-जैविक/वानस्पतिक बिषादी, मसलाजन्य बालीको गुणस्तरीय बेर्णा उत्पादन समेतलाई सम्झनु पर्दछ ।

(ग) "हाईटेक ग्रीनहाउस" भन्नाले तापक्रम व्यवस्थापनको अतिरिक्त व्यवस्था सहितको परावैजनी किरण अवरोधक पोलिथिन (U.V. stabilized polyethylene film), तापक्रम नियन्त्रण जाली (U.V. stabilized thermal net) , संगै एग्रीनेट र ईन्सेक्ट नेट (Agri net and insect net) को आवरण भएको Galvanized Iron र Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनु पर्दछ ।

(घ) "नेचुरल्ली भेन्टीलेटेड ग्रीनहाउस" भन्नाले तापक्रम व्यवस्थापनको अतिरिक्त व्यवस्था नभई टप तथा साईड भेन्टीलेसनका माध्यमबाट तापक्रम व्यवस्थापन सहितको परावैजनी किरण अवरोधक पोलिथिन (U.V. stabilized polyethylene film), तापक्रम नियन्त्रण जाली (U.V. stabilized thermal net) , संगै एग्रीनेट र ईन्सेक्ट नेट (Agri net and insect net) को आवरण भएको Galvanized Iron र Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनु पर्दछ ।

(ङ) "एग्रीनेट हाउस" भन्नाले फ्ल्याक टप भई ४० Mesh को टप एग्रीनेट, एल्मुनियम शेड नेट तथा क्रिष्टल साईड नेटको आवरण भएको Galvanized Iron र Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनु पर्दछ ।

(च) "प्लाष्टिक ट्रनेल/ घर" भन्नाले जि.आई पाईप वा बाँस र सिल्पौलिन वा UV प्लाष्टीक प्रयोग गरी बनाईएको घर वा नेटलाई सम्झनु पर्दछ ।

३. **कार्यक्रम सञ्चालन प्रक्रियाः**

**(क)** उच्च प्रविधि युक्त नर्सरी स्थापना, सञ्चालन, व्यवस्थापन, विस्तार तथा सुदृढीकरण गर्न ग्रामथान गा.पाले कार्यक्रम सञ्चालन गर्नेछ ।

**(ख)** भौगोलिक क्षेत्र, बाली, वातावरणीय प्रभाव र व्यावसायीक अनुकुलता तथा प्रतिकुलताको आधारमा सम्भाव्यता अध्ययन गरी उच्च प्रविधि युक्त नर्सरी/ नर्सरी निर्माणमा/ प्लाष्ट्रिक ट्रनेल, थोपा सिंचाई, मल्चिङ्ग प्लाष्टीक घर उपयुक्त डिजाईन, लेआउट तथा लागत इष्टिमेट तयार गरी लाभग्राही स्वयम्ले प्राविधिक बाट सहयोग लिई गा. पा. मा बुझाउनु पर्नेछ र गा.पा बाट स्वीकृत भएपछी कार्यान्वयन गरीनेछ अथवा उच्च प्रविधि युक्त नर्सरी/ नर्सरी निर्माणमा/ प्लाष्ट्रिक ट्रनेल, थोपा सिंचाई, मल्चिङ्ग प्लाष्टीक घरको विस्तृत डिजाईन र लागत ईष्टीमेटको सम्बन्धीत निर्देशनालयको सहयोग वा सम्बन्धी कार्यलयको प्राविधिकको सहयोग र समन्वयमा सम्बन्धीत परियोजना कार्यान्वयन ईकाई (PIU) ले गर्नेछ ।

**४.आवेदनका लागी चाहिने आवस्यक कागजातहरुः**

यस कार्यका लागी अनुदानग्राहीले देहाय बमोजिमका कागजात पेश गर्नुपर्ने

1) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी/नेपाली नागरीकताको प्रतिलिपी

2) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी

3) कर चुक्ता (समूहको हकमा नपर्ने), नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि

4) नेचुरल्ली भेन्टीलेटेड ग्रीनहाउस, हाईटेक ग्रीनहाउस, एग्रीनेट हाउस, प्लाष्टीक ट्रनेल/घर जस्ता प्रस्तावित पुर्वाधार निर्माण गर्णका लागी प्रयाप्त जमिन भएको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपी संलग्न राख्नुपर्ने ।



5) आफ्नो जग्गा नभएमा नेचुरल्ली भेन्टीलेटेड ग्रीनहाउस, हाईटेक ग्रीनहाउस, एग्रीनेट हाउसका लागी कम्तीमा १० बर्षको लिजमा लिन सकिनेछ भने प्लाष्टीक ट्रनेल/घरको हकमा कम्तीमा ५ बर्षको लिजमा लिन सकिनेछ ।लिजमा जग्गा भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न राख्नुपर्ने ।

6) संरचना निर्माण गरिने जमिनमा सडक, सिंचाई, विजुली लगायतको आवस्यक पुर्वाधार बारे खुलाउनु पर्ने ।

7) आवेदकको प्रबन्धपत्र वा विनियमावलिको छायाप्रती

8) नेचुरल्ली भेन्टीलेटेड ग्रीनहाउस, हाईटेक ग्रीनहाउस, एग्रीनेट हाउसका लागी कम्तीमा १० बर्षको लिजमा लिन सकिनेछ भने प्लाष्टीक ट्रनेल/घर डिजाईन तथा लेआउट एवं आपूर्तिकर्ताको कोटेशन र आपूर्तीकर्ताको तर्फबाट १ बर्ष सम्म मर्मत सम्भर एवं प्राविधिक सहयोग गर्ने प्रतिवद्वता पत्र ।

9) समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

**५.सम्झौता र भुक्तानीः-**

उच्च प्रविधि युक्त नर्सरी स्थापना, सञ्चालन, व्यवस्थापन, विस्तार तथा सुदृढीकरण गर्न देहाय अनुसार सम्झौता र भुक्तानी हुनेछ ।

1) सम्झौताः- अनुदान प्रवाह गर्ने निकायले छनौट भएको अनुदानग्राही संग प्रावीधिक ईष्टिमेट, स्पेशिफिकेशन र भुक्तानी प्रकृया तथा अनुदानग्राहीको दायित्व स्पष्ट रुपमा उल्लेख भएको सम्झौता ग्रामथान गा.पाले तोकेबमोजीम हुनेछ ।

2) भुक्तानी विधिः- अनुदान रकमको भुक्तानी अनुदानग्राहीको बैंक खाता मार्फत बढीमा २ किस्तामा गरीनेछ ।

क) सम्झौता भएपछी कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा ५० प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरेपछी पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको ३० प्रतिशत

ख) सबै कार्य सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन सहित अन्तीम प्रतिवेदन प्राप्त भएपछि ५० प्रतिशत दोस्रो तथा अन्तीम किस्ताको रुपमा भुक्तानी

ग) भुक्तानी हुँदाका बखत अनुदानग्राहीले गर्ने लागत सहभागीताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरीसकेको हुनु पर्ने तथा सो कुरा विलहरुमा स्पष्ट देखिएकव हुनुपर्नेछ साथै वडा कार्यालयको कार्य सम्पन्न सिफारीस समेत पेश गरीएको हुनुपर्नेछ र अधिल्लो निर्माण पूर्वको स्थानको र कार्य सम्पन्न भए पश्चातको रंगीन फोटो पेश गर्नु पर्नेछ ।

घ) अनुदानग्राहीले रनिङ्ग बील तथा तोकीएको निर्माण कार्य सकी कार्य सम्पन्न बीलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरिवेक्षण तथा प्राविधिक नाँप जाँचको लगी लिखित निवेदन दिएको ७ दिन भित्र कार्यलयले निर्माण कार्यलयको अनुगमन सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन (नाँप जाँच ) गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ ।

ङ) अनुदानग्राहीले निर्माण हुने कामको विवरण, लागत, सम्पन्न अवधी, अपेक्षीत उपलब्धी सहितको सार्वजनीक सुचना पाटी निर्माए स्थलमा राख्नुपर्नेछ ।

च) कार्यक्रम कार्यान्वयनको क्रममा गा.पाले आवस्यकता अनुसार अनुगमन समितिले जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछन् र अन्तीम अनुगमन प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

छ) भुक्तानीका अन्य प्रकृयाहरु प्रचलीत सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम तथा सम्बन्धीत प्रचलित कानुनहरु बमोजीम हुनेछ ।

**६.प्रस्ताव मूल्याङ्कनका आधारहरुः**

| क.सं. | प्रस्ताव मूल्याङ्कनका आधारहरु | अंक |
|---|---|---|
| १ | **उच्च प्रविधियुक्त नर्सरी निर्माणका लागि प्रस्तावित जमिनको उपयुक्तता** | ३० |
| | संरचना निर्माणका लागि उपयुक्त सडक, सिंचाइ, बिजुलीको सुविधा नभएको | १५ |
| | सडक, सिंचाइ र आवश्यक जमिनको क्षेत्रफल भएको तर सडक र बिजुलीको सुविधा नभएको | ७ |
| | सिंचाइ र आवश्यक जमिनको क्षेत्रफल भउको तर सडक र बिजुलीको सुविधा नभएको | ५ |
| | जमिनको क्षेत्रफल भएकव तर सडक, सिंचाइ र बिजुलीको सुविधा नभएको | ३ |
| २ | **प्रस्तावित व्यवसायिक योजना** | **१५** |
| | व्यवसायिक दृष्टिले बढी उपयुक्त बालीहरु, वातावरणमैत्री, दिगोपना, मुनाफाजनक र रोजगारमूलक | १० |
| | व्यवसायिक दृष्टिले बढी उपयूक्त बालीहरु, वातावरण मैत्री र मुनाफाजक | ५ |
| ३ | **आवेदकको प्राविधिक क्षमताको अवस्था** | **१५** |
| | आवेदकसंग कृषि स्नातक वा स्नातक गरि स्वदेश/विदेशमा उच्च प्रविधियुक्त नर्सरीमा ५ वर्षको कार्य अनुभव | ६ |
| | आवेदकसंग कृषि डिप्लोमा/आइ.एस्सी. एजी/जेटि/जे.टी.ए. वा साधारण नर्सरीमा १० वर्षको कार्य अनुभव भएको | ५ |
| | आवेदकसंग कृषि जे.टि./जे.टी.ए. साधारण नर्सरीमा ५ वर्षको कार्य अनुभव भएको | ४ |
| ४ | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | **२०** |
| | लागत अंश ४०% वा सो भन्दा बढि व्यहोर्न सक्षम भएको प्रमाण देखिएको | १० |
| | लागत अंश ३०% वा सो भन्दा बढि व्यहोर्न सक्षम भएको प्रमाण देखिएको | ६ |
| | लागत अंश २०% वा सो भन्दा बढि व्यहोर्न सक्षम भएको प्रमाण देखिएको | ४ |
| ५ | **सामाजिक दायित्व र बजार सम्बन्ध** | **१०** |
| | प्रभावक्षेत्रका समुदायसंग अन्तरनिहित सेवाको व्यवस्था | ४ |
| | स्थानीयलाई रोजगारीको अवसर | ३ |
| | मूल्य श्रृखला सम्बन्ध | ३ |
| ६ | **प्रस्तावकहरुको प्राथमिकता** | **१०** |
| | कृषि सहकारी संस्था लिमिटेड | ४ |
| | कृषक समुह | ४ |
| | निजी कृषि उद्यमी | २ |
| | **जम्मा** | **१००** |

७. **आर्थीक मापदण्डः-**

स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रहि प्रस्तावको उपयुक्तताको आधारमा कृषि व्यवसायसंग आबद्व सहकारी/कृषक समूह/ कृषि फर्म/कृषि उद्यमी/फर्म/कम्पनीलाई तोकीएको न्यूनतम क्षेत्रफल तथा प्राविधिक स्पेशिफिकेशनलाई आधार मानी भौगोलिक क्षेत्र र वालीको आधारमा तथा प्राविधिक दृष्टीकोणले उपयुक्त स्पेशिफिकेशन र डिजाईनको आधारमा निर्माण गर्नु पर्नेछ सो को लागी गा.पाले उच्च प्रविधि युक्त नर्सरी/ नर्सरी निर्माणमा बढीमा तीन लाख सम्म र त्यस बाहेक हुन आरउने खर्च कम्तीमा एक लाखह पचास हजार वा ५० प्रतिशतले हुन आउने रकम जुन बढी हुन्छ र प्लाष्ट्रिक ट्रनेल, थोपा सिंचाई, मल्चिङ्ग प्लाष्टीक घर को हकमा बढीमा ७५ प्रतिशत सम्म अनुदान र कृषकले ब्यहोर्नु पर्ने २५ प्रतिशत हुनेछ ।उक्त हाईटेक नर्सरीमा तोकीएको न्यूनतम क्षेत्रफल भन्दा धेरै बनाउन सकिनेछ तर तोकिएको भन्दा क्षेत्रफल कम भएको पाईएमा प्रति इकाई अनुदान दर अनुसार अनुदान कट्टा गरीनेछ ।प्रचलित नियम बमोजिम कन्टिन्जेन्सी कट्टा गरी भुक्तानी गरीनेछ ।

२. **कार्यक्रमको नामः** माटो परिक्षण तथा माटो सुधार कार्यक्रम

१ **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम " **माटो परिक्षण तथा माटो सुधार कार्यक्रम कार्यान्वयन निर्देशिकाः २०७७**" रहनेछ ।

(२) यो कार्यविधि ग्रामथान गाउपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

(३) " माटो परिक्षण तथा माटो सुधार कार्यक्रम" भन्नाले खास ठाउँको माटोको समस्यालाई प्रष्ट्याउन अभियानको रुपमा माटो परिक्षण तथा माटो सुधार कार्यक्रम सञ्चालन भन्ने बुझ्नुपर्छ ।



२ **कार्यक्रमको उद्देश्यः**

- ✓ माटोमा रहेका बिरुवाको खाद्यतत्व पहिचान, सम्बद्व समस्याको समाधान, प्राङ्गारिक स्रोतको प्रबर्द्धन गरी माटोको उर्बराशक्ति ब्यवस्थापन, बिरुवाको बिकास र बृद्विमा सुधार ल्याई कृषि उत्पादकत्वमा सुधार ल्याउने ।
- ✓ कृषक सहभागितामा उर्बराशक्तिको जानकारीका साथ माटो बिश्लेषण गर्नु ।
- ✓ बाली उत्पादन क्षेत्रमा माटो बिश्लेषण कायम गरी माटो व्यवस्थापन सम्बन्धि प्रविधिहरु सिफारीस गर्नु ।
- ✓ लक्षित बाली उत्पादन हासिल गर्न र दीर्घकालिन रुपमा माटोको उर्बराशक्ति कायम राख्नकोलागि स्थानिय तथा बाह्य स्रोतहरु स्थानीय अनुकुल प्रभावकारी रुपमा आवस्यकता अनुरुप प्रयोगमा ल्याउनु हो ।

३. **कार्यक्रम सञ्चालन विधिः**

(१) ग्रामथान गाउँपालिकाले सम्बन्धित वडाहरुसंग समन्वय गरी कृषकहरुलाई कार्यक्रमबारे जानकारी गराई ब्यवस्थापन गर्नु पर्दछ । साथै कार्यक्रम स्थल छनौट गर्दा कृषि चुन प्रयोग गर्न उत्साहित रहेको क्षेत्र छनौट गर्नु पर्नेछ ।

(२) माटो परिक्षण शिविर सञ्चालन माटो तथा मल परिक्षण प्रयोगशाला संगको समन्वयमा ग्रामथान गाउँपालिकाको सम्बन्धित जिम्मेबार निकायले गर्नेछ । प्रयोगशालाले पनि उपलब्ध बजेट र आवस्यकता अनुसार माटो परिक्षण शिविर सञ्चालन गर्न सक्नेछ ।

(३) ग्रामथान गाउपालिकाबाट सञ्चालन हुने माटो शिविरका लागि माटो तथा मल परिक्षण प्रयोगशालाले आवस्यक रसायन, उपकरणहरु र प्राविधिक सेवा उपलब्ध गराउनु पर्नेछ ।

(४) माटो परिक्षण शिविर सञ्चालन गर्न दर्हाय बमोजिमको दुईवटा तरिकाहरु अपनाउन सकिन्छ ।

क) मोबाईल भ्यान घुम्ति शिविरः – यस् तरीकामा माटो तथा मल परिक्षण प्रयोगशालामा रहेको मोबाईल भ्यानको प्रयोग गरी

मोबाईल भ्यान पुग्न सक्ने सडक सञ्जाल भएको स्थानमा शिविर सञ्चालन गर्नु पर्नेछ ।

ख) किटबक्स माटो शिविरःयस् तरीकामा माटो तथा मल परिक्षण - प्रयोगशालाको सहयोग तथा समन्वयमा ग्रामथान गाउँपालिकाका प्राविधिकहरुबाट किट बक्सको सहायताले सडक सञ्जालको व्यव्स्था भए वा नभएको स्थानमा किटबक्स माटो शिविर सञ्चालन गरीन्छ ।

ग) माटो नमूना संकलन, सुधार विधि, सुधार सामाग्रि प्रयोग र फाईदा सम्बन्धि तालिम सञ्चालन गर्नु पर्दछ । माटोको नमूना संकलन गर्दा आवस्यक सामाग्रीहरु स्वायल अगर वा खुर्पी वा कोदालो आदी र माटो जम्मा गर्ने प्लाष्टिकको बाल्टि वा अखबार, कपडाको थैला वा प्लाष्टिक थैला, मार्कर, पेन्सिल आदि आवस्यक पर्छ ।माटो नमूना संकलन गर्दा देहाय बमोजिमको तरीका अपनाउनु पर्दछ ।

- खेतबारीको माटो जाँच गराउनु पर्दा त्यस खेतबारीको पुरै प्रतिनिधित्व हुनेगरी लिनुपर्दछ ।
- सहि ढंगबाट लिईएको माटोको नमूनाले त्यस खेतबारीको पूरै प्रतिनिधित्व गर्दछ ।माटोको नमूना लिँदा सो ठाउँमा लगाईने बाली अनुसार फरक पर्दछ ।
- अन्न तथा तरकारी बालीको जरा जमिनको सतहको माथिल्लो तहमा हुने हुँदा माटोको नमूना पनि माथिल्लो तहबाट लिनु पर्दछ भने फलफूलको जरा गहिरो तह सम्म पुग्ने हुँदा सो अनुसारको गहिराईबाटनै लिनु पर्ने हुन्छ ।
- त्यसै गरी बाली अनुसार माटोको नमूना २ (दुई) किसिमबाट लिईन्छ ।

४. **माटो शिविर प्राविधिक मापदण्डः**

माटो परिक्षण शिविर सञ्चालन २ दिन,पहिलो र दोस्रो दिन माटो परिक्षण (वटा नमूना 100) ,दोस्रो र तेस्रो दिन माटो परिक्षण शिविर अन्तरकृया/ गोष्ठी ।



माटो शिविर संलग्न प्रतिवेदन अनुसार शिविरमा माटो जाँच गराउने सबै किसानहरुलाई अनुदानमा कृषि चुन वितरणको जिम्मेबारी ग्रामथान गाउँपालिकाको सम्बन्धित निकायलाई हुनेछ ।यस्कालागि ग्रामथान गाउपालिकाले उपलब्ध बजेट सिमा, सिफारीस pH मानलाई मध्यनजर गर्दै कृषि चुन वितरण कार्यक्रमका आधार तय गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

५. **कार्यक्रमको खर्च प्रकृया वा नर्म्स (आर्थिक पक्ष)**

१. संघीय नर्मसलाई आधार मानी खर्च गर्न सकिने छ ।

२. बिनियोजीत बजेट मध्ये माटो परिक्षण सिविर तालिम अन्तरक्रिया सञ्चालन वापत रु. २००००/- बीस हजार स्थानीय खर्च मापदण्ड वा आर्थीक मन्त्रालयको मापदण्ड अनुसार खर्च गर्न सकिनेछ ।

- ग्रामथान गा.पा. को खर्च नर्मस वा आर्थीक विकास मन्त्रालयको नर्मस बमोजीम सञ्चालन गरीने ।

३. **कार्यक्रमको नामः** साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम

१. **साना सिँचाइ विशेष कायर्क्रम (**कृषि मन्त्रालयको नर्मस बमोजीम )

साना सिँचाइ विशेष कार्यक्रमले पहसाडमा बढीमा २५ हेक्टर सम्ममा (सिँचाइ नीति) सिँचाइ हुनेगरी स-साना अस्थायी वाँध, पैनी, छेकवार, कुलो सुधार, संरक्षण,ह्युम पाइप, पोलिथिन पाइप, पोखरी निर्माण, पम्प,ट्याङ्की, इनार,ढिक्कीपम्प, मोनोब्लक पम्पसेट, पवन पम्प, हाइड्रोलिक र्याक, साइकल पम्प, पिसर्यन व्हिल,गियर पम्प, थोपा सिँचाइ,स्प्रिङ्कलर सिँचाइ आदिको निर्माण, व्यवस्थापन गर्नेमा गाउँपालिकाको तर्फबाट बढीमा रु. १ लाख ५० हजार सम्मको अनुदान दिने र उपभोक्ताको तर्फबाट कम्तिमा २५ प्रतिशत योगदान प्राप्त गरी सञ्चालन गरिने सिँचाइका स-साना स्किमलाई जनाउँछ । यो कार्यक्रम कृषक सहकारी संस्था/उपभोक्ता सिमित वा संस्था/कृषक समूहहरुमा केन्द्रित रहेर मात्र कार्यान्वयन गरिनेछ । कृषि विकासको लागि स्थापित कृषक समूहहरु जस्ता उपभोक्ताहको सहभागितामा कार्यान्वयन योजना तयार पारी यस कार्यक्रम सम्बन्धी निर्देशिका अनुरुप कार्य सम्पादन गर्नुपर्नेछ ।

२. **कार्यक्रमको उद्देश्यः**

सिँचाइका स-साना स्किमहरु बनाएर कृषक सहभागिताको आधारमा देशका सम्पूर्ण गाउँका कृषकलाई उत्पादन वृद्धिको माध्यमबाट आय आजर्नमा टेवा पुयाउँनुनै यसको प्रमुख उद्देश्य हो ।

३. **कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

- सूचना प्रवाह ग्रामथान गाउँपालिकाले साना सिँचाइ विशेष कार्यक्रम सञ्चालन गर्दा अपनाउनुपर्ने आधारहरु तथा कार्यविधिबारे प्रत्येक वडा कार्यालयहरु तथा गाउँपालिकाको कृषि विकास शाखा मार्फत अधिकतम सूचना प्रवाह गराइनेछ ।
- निवेदन - उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि सिँचाइ आयोजनाको कार्यान्वयनको लागि सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहबाट दर्ताको प्रमाण-पत्र सहित साना सिँचाइ विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६१ को अनुसूची १ बमोजिम निवेदन/माग फारामनगरपालिकाको कृषि विकास शाखामा पेश गर्नु पर्नेछ ।
- यसरी पेश हुन आएका आयोजनाहरुको गाउँपालिकाको कृषि विकास शाखाका प्राविधिकहरुले सिफारिसका साथ प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिसका साथ निवेदन/माग फाराम दर्ता गराउनु पर्नेछ ।
- यसरी माग पत्र दर्ता गराउँदा सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहको तर्फबाट प्रति आयोजना रु. १००।- का दरले राजस्व दाखिला गरी बैंक भौचर वा नगद पेश गर्नुपर्नेछ ।
- आयोजना (स्कीम) को मोटामोटी लागत र निवेदक संस्था/समूहले व्यहोर्नेप्रतिशत समेत आफ्नो निवेदनमा खुलाउनुपर्नेछ ।

४. **छनौट प्रकृया/ मूल्याङ्कनका आधारहरुः**

- सिंचाई आयोजना उपभोक्ता समिति र कृषि विकास शाखाबाट दफा ३ वमोजिम साना सिँचाइ कार्यक्रम बारे माग भई आएका निवेदनहको प्रारिम्भिक छनौट गरी गाउँ कार्यपालिकाबाट पारित गराउनुपर्नेछ । यसरी पारित भएका आयोजना (स्कीम) हरुको लागत इस्टिमेट देहाय अनुसार हुनु पर्नेछ ।



- यस्ता सामग्रीहरुमा पाइप, पम्पसेट (स्यालो ट्युववेल प्रयोजन वाहेक), निर्माण सामाग्री आदिलिन सकिनेछ ।
- रु. १,५०,०००।- सम्म लागत लाग्ने सम्भावना भएका स्कीमको हकमा इरिगेशन इन्जिनियरिङ विषयमा तालिम प्राप्त कृषि प्राविधिकहरुले स्थलगत सर्वेक्षण गरी लागत इस्टिमेट तयार गरी स्वीकृतिको लागि गाउपालिकामा पेश गर्नु पर्नेछ ।
- रु. १,५०,०००।- भन्दा बढी लागत लाग्ने सम्भावना भएका स्कीमको हकमा उपलव्ध भएसम्म कृषितथा पशुपन्छी विकास मन्त्रालय र अन्तगर्तका निकायमा कायर्रत इन्जिनियर/ओभरसियरबाट र सो उपलव्ध नभए मात्र अन्य सरकारी निकायमा कार्यरत इन्जिनियर/ओभरसियर/सव-ओभरसियरबाट स्थलगत सर्भेक्षण गरी लागत इस्टिमेट तयार गरी स्वीकृतिको लागिनगरपालिकामा पेश गर्नुपर्नेछ । यी सबै किसिमका स्किमको लागत इस्टिमेटको स्वीकृतिनगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट गर्नु पर्नेछ । उक्त कार्यको लागि आवश्यक पर्ने दै.भ.भत्ता नगरपालिकाले व्यहोर्नु पर्नेछ ।
- लागत इमेट - लागत इस्टिमेट तयार गर्दा इस्टिमेट अंकको ३ प्रतिशत कन्टिन्जेन्सी वापत राखिनेछ ।
- यसरी लागत अनुमान वा खर्चकोविवरण अनुसार गाउँपालिकाले सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहसँग खर्च एवं सम्पन्नन्न गर्ने कार्यको बाँडफाँड गरी साना सिँचाइ विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६१ को अनुसूची २ र ३ बमोजिम सम्झौता गर्नुपर्नेछ । साथै रकम खर्च गर्दा नेपाल सरकारको प्रचिलत आर्थिक ऐन नियम अनुसार गर्नुपर्नेछ ।

५. **प्रस्ताव मूल्याङ्कनका आधारहरु**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अधिकतम अंक | कैफीयत |
|---|---|---|---|
| १ | सिंचाई श्रोत उपलब्धता भएको | **३०** | |
| | सिंचाई १२ (बाह्रै)महिना/ सालभरी उपलब्धता भएको | १० | |
| | सिंचाई ६ महिना उपलब्धता मात्र भएको | ६ | |
| | आकासे पानिमा निर्भर रहेको | ४ | |

| | | | |
|---|---|---|---|
| | सिंचाईको मूहानमा कुनैपनि किसिमको विवाद नरहेको | ६ | |
| | सिंचाईको मूहानमा सानातीना विवाद रहेको | ४ | |
| २ | पूर्वाधार | **१०** | |
| | बाटोघाटो, बिजुलि पहुँच | ६ | |
| | बाटोघाटो, बिजुलि पहुँच | ४ | |
| ३ | लाभान्वीत कृषक | **३०** | |
| | आयोजनाको बढीमा ५० घरधुरी वा ५० किसान सम्म कृषि योग्य जमिनमा सिंचाईको उपलब्धता | १२ | |
| | आयोजनाको बढीमा २० घरधुरी २० किसान सम्म कृषि योग्य जमिनमा सिंचाईको उपलब्धता | १० | |
| | आयोजनाको बढीमा १० घरधुरी १० किसान सम्म कृषि योग्य जमिनमा सिंचाईको उपलब्धता | ८ | |
| ३ | आर्थीक पक्ष | **१२** | |
| | नगद मौज्दात भए | ६ | |
| | ऋण स्वीकृत | ४ | |
| | नखुलेको | २ | |
| ४ | प्राविधिक पक्ष (आयोजना उपभोक्ता समितिको हकमा) | **१८** | |
| | उपभोक्ताहरु संगठित हुन तयार छन, अघिल्लो आ.ब. मा योजनामा संलग्न रहि कार्य गरेको/ तालिम प्राप्त भएको | ६ | |
| | उपभोक्ताहरु संगठित हुन तयार छैनन्, अघिल्लो आ.ब. मा योजनामा संलग्न रहि कार्य गरेको/ तालिम प्राप्त नभएको | ३ | |
| | उपभोक्ताहरु निर्माणको विभिन्न चरणमा हभागिता जुटाउन तयार छन् | ६ | |
| | उपभोक्ताहरु निर्माणको विभिन्न चरणमा हभागिता जुटाउन तयार छैनन् | ३ | |
| | जम्मा | **१००** | |

नोटःकार्यक्रम व्यवस्थापन समितिले आवस्यकता अनुसार प्रस्तुत मूल्याङ्कनका आधारहरुको विस्तृतीकरण गर्न सक्नेछ र सो आधारहरु जेसुकै भए पनि स्थलगत निरिक्षकबाट गरीने मूल्याङ्कनबाट उपयुक्त ठहर नभएका प्रस्तावहरु स्वतः अस्वीकृत हुनेछन् ।



मूल्याङ्कन कर्ताको

दस्तखतः पदः

नामः कार्यालयः

मितिः

## ६. कार्यक्रम संचालन

- नेपाल सरकारको प्रचलित ऐन नियम वमोजिम गाउँ कृषि विकास कायार्लयले अग्रसरता लिई सम्बिन्धत सहकारी संस्था/उपभोक्ता सिमित वा संस्था/कृषक समूहद्वारा पारदिशर्ता अपनाई निर्माण कार्य गराउनु पर्नेछ । निर्माण सम्बन्धी प्रकृयागत एवं व्यवस्थापकीय जिम्मेवारी गाउँ.कृ.वि.का.को रहनेछ ।
- डिजाइन, इिमेट र सम्झौता अनुसार आयोजना (स्कीम)को कार्य सम्पन्न भई संचालन भएको अवस्थामा तपिसल वमोनम कार्य सम्पन्न प्रतिवेदन दिनुपर्नेछ ।
- निर्माण कार्य सुपरिभिजन गर्ने वा फाइनल विल तयार गरी भुक्तानीको लागि पेश गर्ने वा सुपरिभिजन गरी फाइनल विल तयार गर्ने प्राविधिकबाट आइटम वाइज कार्य सम्पन्न प्रतिवेदन तयार गरी सहकारी संस्था/उपभोक्ता सिमित वा संस्था/कृषक समूहमा पेश गर्ने ।
- यसरी कार्य सम्पन्न प्रतिवेदन बारे सहकारी संस्था/उपभोक्ता सिमित वा संस्था/कृषक समूह तथा सम्बिन्धत कृषि शाखाबाट स्थलगत निरीक्षण गरी सन्तोषजनक रुपमा सम्पन्न भएको निर्माण कायर्को अन्तिम भुक्तानी र स्कीमको संचालन अवस्था बारे संस्था/ सिमित/ समूहको वैठकबाट निणर्य गराई गा.पा मा पेश गर्ने ।
- वैठकको निर्णय सिहत कार्य सम्पन्न प्रतिवेदन गाउँ कृषि विकास कायार्लयका संयोजकको सिफारिसमा गाउँ कृषि विकास कायार्लयले साधारणतया १ (एक) हप्ताभित्र फाइनल भुक्तानी दिने व्यवस्था गर्नेछ ।
- आयोजनाको प्रकृति अनुसार एकैपटक भुक्तानी दिनुपर्ने अवस्थामा कार्य सम्पादन प्रतिवेदन तयार पारी स्कीमको संचालनको अवस्थाबारे संस्था/ सिमित/ समूहको बैठकबाट निर्णय गराई संयोजकको सिफारिसमा भुक्तानी दिन सिकनेछ ।

- १ पटक भन्दा बढी किस्तामा रकम भुक्तानी गराउनु पर्ने खण्डमा सम्झौता पत्रमाप्रा खुलाउनु पर्नेछ ।
- गाउँ कृषि विकास कायार्लयले कार्य सम्पन्न भएका आयोजनाहरुको जानकारी यथासमय गाउँ पालिकामा गराउने र सम्बिन्धत संस्था/सिमित/समूहलाई कार्य सम्पन्नताको प्रमाणपत्र सहित आयोजना हस्तान्तरण गर्ने ।
- आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपिछ सोको ममर्त/सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बिन्धत सहकारी संस्था/उपभोक्ता सिमित वा संस्था/कृषक समूहको हुनेछ ।
- साना सिँचाइ विशेष कार्यक्रकको अनुगमन तथा मूल्यांकन सम्बिन्धत गाउँ विषयगत शाखा संयोजक/ गा.पा प्रमुख सम्बिन्धत गाउँ कृषि विकास सिमित, सम्बिन्धत क्षेत्रीय कृषि निर्देशनालय, कृषि इन्जिनियर निर्देशनालय र कृषि प्रसार निर्देशनालय बाट गिरनेछ ।
- कृषि इन्जिनयिर निर्देशनालयको भूमिका - कृषि इन्जिनयिर निर्देशनालयले सिँचाइ कार्यक्रमका प्राविधिक अनुगमन सुपिरवेक्षणको साथै पालिकाकले विशेष किसिमको प्राविधिक सहयोग माग गरेको अवस्थामा सहयोग पुयार्उने

**१.१० कार्यक्रकको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्मस :**

- ✓ स–साना अस्थायी वांध, पैनी, छेकवार, कुलो सुधार, संरक्षण,ह्युम पाइप, पोलिथिन पाइप, पोखरी निर्माण, पम्प,ट्याँकी, इनार ढिक्कीपम्प, मोनोब्लक पम्पसेट, पवन पम्प, हाइड्रोलिक रयाक, साइकल पम्प, पर्सियन व्हिल,गियर पम्प,
- ✓ थोपा सिँचाइ, स्प्रिङकलर सिँचाइ आदिको निर्माण व्यवस्थापन गर्न . १,५०,०००।–सम्म खर्चगर्न सिकने छ ।
- ✓ जलश्रोत ऐन २०४९ अन्तर्गत मान्यता प्रा हुने गरी स्थापित उपभोक्ता संस्था र न.कृ.वि.का. अन्तरगर्त वा अरु कसैबाट कृषि विकासको लागि स्थापित कृषक समूहह जस्ता उपभोक्ताहको सहभागितामा कायान्र्वयन योजना तयार पारी यस कार्यक्रम सम्बन्धी निर्देशिका अनुरुप कार्य सम्पादन गर्नुपर्नेछ ।

३. **कार्यक्रमको नामः** कृषि प्रसार सेवा टेवा कार्यक्रम



**उद्देश्यहरुः**

- कृषि क्षेत्रलाई समय सापेक्ष रुपान्तरणका लागी कृषि क्षेत्रमा चेतनामुलक कार्यक्रमहरु (तालिम, गोष्ठी, भ्रमण आदी) का माध्यमबाट जनचेतनामा अभिबृद्धी ल्याउने ।

१. **तालिमः**

- ✓ गाउँपालिका स्तरीय तालिम ३ दिने, वडा स्तरीय स्थलगत घुम्ती स्थलगत तालिम १ दिने (खर्च गा.पा. मापदण्ड अनुसार वा आर्थीक मन्त्रालयको मापदण्ड बमोजीम)

२. **गोष्ठीः**

- ✓ योजना तर्जुमा गोष्ठी, अभिमुखीकरण गोष्ठी गाउँ स्तर वा वडा स्तर १ दिने

३. **भ्रमणः**

- ✓ अन्तर जिल्ला स्तरीय, एवं अन्तर स्थानीय स्तरीय (आवस्यकता अनुसार)

नोटः यी लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय संगै लागत ईष्टीमेट स्वीकृतको आधारमा सञ्चालन गर्ने र केन्द्रीय प्रादेशीक कृषि मन्त्रालयको नर्मस लाई अवलम्बन गर्न सकिनेछ ।

४. **बीउ विजन सहयोगः**

- ✓ श्रोत र प्रकृति अनुसार बढीमा ७५ प्रतिशत सम्म छुटमा ।

**५. मागमा/प्रस्तावमा आधारीत कार्यक्रमः**

- ✓ गाउँ क्षेत्र भित्र कृयाशिल दर्ता भई सञ्चालनमा रहेका कृषि समूह/फर्म/सहकारीहरुले प्रकाशित सुचनाका आधारमा तोकिए बमोजीम प्रस्तावना फारम भरी निवेदन पेश गरी स्थलगत छनौट तथा प्रकृयाबाट र प्राविधिक मूल्याङ्कन तथा मापदण्ड भित्र परेका कृषक, कृषक समूह, सहकारी एवं फर्मलाई लागत ईष्टीमेटको आधारमा बढीमा रुपैया एक लाख सम्म लागतको ५० प्रतिशत अनुदान सहयोग रहनेछ ।

६. **प्रतियोगीतात्मक कार्यक्रमः**

- ✓ कृषि विकास मन्त्रालयको नर्मस बमोजीम प्रतिश्पर्धा गरी गराई प्रावित्धिकको रोहवर तथा सिफारीसमा पुरस्कृत गर्ने (जस्तैः- अन्न, माछा, तरकारी, च्याउ, फलफूल,मौरी) उत्पादन प्रतियोगीता, उत्कृष्ट कृषक समूह

तथा कृषकलाई रु. ५०० देखी रु. २००० मा नबढ्ने गरी तहगत रुपमा उपलब्ध गराउने ।

७. **युवा लक्षीत:**

- ✓ १८ बर्ष देखी ५० बर्ष सम्म उमेरका गाउँपालिसका क्षेत्र भित्र कृषि व्यावसाय स१चालन गरेका कृषकहरुलाई बढीमा रु. ५००००/- मा नबढ्ने गरी अनुदान सहयोग उपलब्ध गराउने । जसको लागी विभिन्न विषयमा व्यवसायीक खेतीका लागी गाउँपालिसकाद्वारा तोकिएको शर्तहरु पुरा गरेका र स्थलगत निरिक्षण तथा छनौट प्रकृयाबाट र प्राविधिक मूल्याङ्कन तथा मापदण्ड भित्र परेको हुनुपर्नेछ ।

८. **दिवश कार्यक्रम:**

- ✓ (धान दिवश, कृषक दिवश, विश्व खाद्य दिवस आदी) कार्यक्रमको ब्यापकता एवं महत्वलाई आधार मानी रु. १०००००/- मा नबढ्ने गरी गाउँ स्तरका कृषक, रसोकारवालाको उपस्थीमा सञ्चालन गर्ने ।

९. **कृषि मेला प्रदर्षनी गाउँपालिका स्तरीय:**

- ✓ (पुरस्कृत गर्न सकिने आईटमहरु खाद्यान्न, तरकारी , दलहन, नगदे, फलफूल, आलु, माछा तथा विविध) गरी ७ वटा आईटम प्रति आईटम रु. २५०००/- दरले रु. १७५०००/- अन्य व्यवस्थापन खर्च गरी जम्मा रु. ३०००००/- को नर्मसमा रही सञ्चालन गर्ने ।

१०. **बाली संरक्षण:**

- ✓ (आकस्मिक बाली संरक्षण, बाली विरुवाको रोग किरा निदान उपचार लगायत बालीसंरक्षण शिविर(plant clinic) सञ्चालन गर्ने र थप मौरी पालन,माछा पालन र च्याउ खेती आदी मन्त्रालय तथा प्रचलित कानुन बमोजीम सञ्चालन गर्ने )

११. **साझेदारी कार्यक्रम:**

- ✓ कृषि संग सम्बन्धीत विषयमा गाउँपालिका क्षेत्र भित्र समूदायमा कार्यक्रम सञ्चालन गर्दा कुनै पनि संघ संस्था तथा निकायसंग गाउँपालिका तथा कृषि शाखाले समन्वय तथा सहकार्यमा अघी बढाउनेछ र प्रचलित नियम कानुन अनुसार कार्यक्रम सञ्चालन गर्नेछ ।



१२. **प्रस्तावनामा आधारीत कार्यक्रम:**

- ✓ गाउँ क्षेत्रभित्र कृयाशिल दर्ता भई सञ्चालनमा रहेका समूह तथा कृषि सहकारी हरुलेप्रकाशित सुचनाका आधारमा अनुसूची १.४ बमोजीमको प्रस्तावना फाराम भरी निवेदन पेश गरी स्थलगत निरिक्षण तथा छनौट प्रकृयाबाट र प्राविधिक मूल्याङ्कन तथा मापदण्ड भित्र परेका कृषक /समूह/सहकारी एवं फर्मलाई लागत ईष्टीमेटका आधारमा बढीमा रु. १०००००/- सम्म (लागतको ५० प्रतिशत ) अनुदान सहयोग गरीनेछ

१३. **कृषक समूह गठन, दर्ता तथा नविकरण**

१. ग्रामथान गाउँपालिकाको कृषि नीति तथा कार्यविधि अनुसार कृषकहरुले आपसमा मिलि समग्र कृषि क्षेत्रको विकास गर्न गाउँपालिका क्षेत्र भित्रको सम्भाव्यता र प्राविधिकको राय बमोजीम टोल तथा बस्ती स्तरमा समूह गठन गर्न सक्नछ्र ।जस्को लागी सम्बन्धीत वडा कार्यालयको सिफारीस तथा अनुसूची १.१ को निवेदन फाराम तथा विवरण भरी विधान सहित कृषि शाखामा आवेदन दिई दर्ता गर्नु पर्नेछ ।

२. उपदफा १ बमोजीम दर्ताको लागी प्राप्त निवेदन माथी जाँचबुझ गरी गाउँपालिकाले समूह दर्ता गरी अनुसूची १.३ बमोजीम प्रमाण-पत्र उपलब्ध गराउनु पर्नेछ ।

३. समूह गठन भए पश्चात समूहले निम्नानुसार कार्य गर्नेछ ।

- ➢ समूहको विधान बमोजीम तोकिएको काम गर्नेछ ।
- ➢ ग्रामथान गाउँपालिकाको कृषि नीति तथा कार्यविधिका साथै कृषि मन्त्रालय निर्देशनालय लगायतका कृषि क्षेत्र हेर्ने निकायहरुले सञ्चान गर्ने कार्यका आधारमा कार्यहरु गर्ने ।
- ➢ समूहको लागी कृषि विकास योजनाहरु बनाउने ।
- ➢ समूहको क्षमता अभिबृद्धि, सदस्य कृषकहरुको व्यवसायीक दक्षता अभिबृद्धिका लागी कार्यहरु गर्ने ।
- ➢ समूहको दर्ता गठन मिति देखि १ महिना भित्र गरिसक्ने तथा नविकरण आर्थीक बर्ष समाप्त भएको मितिले ३५ दिन भित्र अनुसुची १.२ बमोजीमको निवेदन पेश गर्नु पर्नेछ ।

४. यस् कार्यविधिको संशोधन तथा परिमार्जन गाउँपालिकाले गर्नेछ

## अनुसुची १.१
## समुह दर्ताको लागि निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
ग्रामथान गाउपालिका तेतरीया, मोरङ्ग

विषयः कृषक समूह दर्ता गरी पाउँ ।

प्रस्तुत विषयमा हाम्रो समूह दर्ताको लागी निम्नानुसारको विवरण, समूह सदस्यहरुको नागरीकता प्रतिलिपी, समूहको विधान तथा समूहको निर्णय र वडा कार्यालयको सिफारीस सहित निवेदन पेश गरेका छौं । दर्ता गरि पाउँ अनुरोध छ ।

निवेदकः

दस्तखतः

नामः

पदः

मितिः

सम्पर्क नः

### समूहको विस्तृत विवरण

१. समूहको नामः- श्री.....................................................................
२. ठेगानाः गा.पा. ............................................ वडा नं ....................................... गाउँ/टोल.......................
३. समूह सदस्यः-.................................................................
४. समूह गठन मितिः...........................................................
५. अध्यक्षको नामः श्री ........................................................



६. सम्पर्क नः ......................................................
७. समूहको किसिमः महिला/पुरुष/मिश्रित
८. समूहको उद्देश्यः (एक वटा मात्र )
९. हितकोष रकमः
   ९.१ प्रति व्यक्ती/प्रति महिना बचत रु...........................................
   ९.२ प्रति महिना समूहको हितकोष संकलन रु................................
१०. हितकोष लगानी रु. ............................
   १०.१ कृषि क्षेत्रमा मात्र लगानी रु. .................................
११. जग्गाको क्षेत्रफलः ...................
१२. नियमित बैठक बस्ने समय/स्थानः.............................................
१३. आ.ब. मा बैठक बसेको संख्याः ..........................................
१४. आबद्ध सदस्य संख्या समावेशीको आधारमा
१५. पदाधिकारी तथा सदस्यहरुको विवरणः

| क्र.स. | नाम | पद | शैक्षिक योग्यता | उमेर | जग्गाको क्षेत्रफल | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| १. | | अध्यक्ष | | | | | |
| २. | | उपाध्यक्ष | | | | | |
| ३. | | सचिव | | | | | |
| ४. | | कोषाध्यक्ष | | | | | |
| ५. | | सदस्य | | | | | |
| ६. | | सदस्य | | | | | |
| ७. | | सदस्य | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| किसिम | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|
| दलीत | | | | |
| जनजाती | | | | |
| अन्य जाती | | | | |
| जम्मा | | | | |

१६. समूहको बार्षीक कार्य योजना समावेश गर्ने
१७. पाना नपुग भए छुट्टै पाना प्रयोग गर्नुहोला



**अनुसूची १.२**

**<u>कृषक समूह नविकरण निवेदन फाराम</u>**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
ग्रामथान गाउपालिका तेतरीया, मोरङ्ग

**विषयः कृषक समूह नविकरण गरी पाउँ ।**

प्रस्तुत विषयमा रु. १० को टिकट सहित हाम्रो समूह नविकरणको लागी निम्न अनुसारको विवरण तथा समूहको निर्णय सहित निवेदन पेश गरेका छौं । नविकरण गरी पाउँ अनुरोध छ ।

<u>निवेदकः</u>

दस्तखतः

नामः

पदः

मितिः

सम्पर्क नः

**<u>समूहको विस्तृत विवरण</u>**

१. समूहको नामः- श्री..................................................................
२. ठेगानाः गा.पा. ........................................... वडा नं ...................................... गाउँ/टोल.......................
३. समूह सदस्यः-...............................................................
४. समूह गठन मितिः.........................................................
५. अध्यक्षको नामः श्री .......................................................
६. सम्पर्क नः .....................................................
७. समूहको किसिमः महिला/पुरुष/मिश्रित

८. समूहको उद्देश्यः (एक वटा मात्र )

९. हितकोष रकमः

९.१ प्रति व्यक्ती/प्रति महिना बचत रु.........................................

९.२ प्रति महिना समूहको हितकोष संकलन रु..............................

१०. हितकोष लगानी रु. .........................

१०.१ कृषि क्षेत्रमा मात्र लगानी रु. ................................

११. जग्गाको क्षेत्रफलः ...................

१२. नियमित बैठक बस्ने समय/स्थानः..............................................

१३. आ.ब. मा बैठक बसेको संख्याः ..........................................

१४. आबद्ध सदस्य संख्या समावेशीको आधारमा

१५. पदाधिकारी तथा सदस्यहरुको विवरणः

| क्र.स. | नाम | पद | शैक्षिक योग्यता | उमेर | जग्गाको क्षेत्रफल | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| १. | | अध्यक्ष | | | | | |
| २. | | उपाध्यक्ष | | | | | |
| ३. | | सचिव | | | | | |
| ४. | | कोषाध्यक्ष | | | | | |
| ५. | | सदस्य | | | | | |
| ६. | | सदस्य | | | | | |
| ७. | | सदस्य | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| किसिम | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|
| दलीत | | | | |
| जनजाती | | | | |
| अन्य जाती | | | | |
| जम्मा | | | | |



१६. समूहको बार्षीक कार्य योजना समावेश गर्ने

१७. पाना नपुग भए छुट्टै पाना प्रयोग गर्नुहोला ।

## अनुसूची १.३

ग्रा.गा.पा., मोरङ्ग — ग्रामथान गाउँपालिका

दर्ता नं. — गाउँ कार्यपालिकाको कार्यालय

तेतरीया, मोरङ्ग

प्रदेश नं.- १

मितिः २०७...../....../........

**कृषक समूह प्रमाण-पत्र**

समूह पद्धतिलाई सु-व्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस् जिल्लाको ........................ गाउँपालिका वडा नं..... टोल..................................मा मिति...................................मा गठीत श्री.......................................................कृषक समूहलाई यस् कार्यलयको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरीएको छ ।

............................. ............................. ...................................

कृषि शाखा प्रमुख — प्रमुख प्रशासकीय अधिकृत — गा.पा. अध्यक्ष

**नविकरण सम्बन्धमान**

कृषक समूहको नामः-

| नविकरण गरेको मितिः | म्याद पुग्ने समय | नविकरण गर्ने अधिकारीको दस्तखत | कार्यलयको छाप | कैफीयत |
|---|---|---|---|---|
| | | | | |

प्रत्येक १/१ बर्षमानविकरण गराउनु पर्नेछ

## अनुसूची १.४

## आवेदन फारम

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

ग्रामथान गाउँपालिका तेतरीय, मोरङ्ग

विषयः प्रस्तावनामा आधारीत कार्यक्रम सम्बन्धमा।

प्रस्तुत विषयमा त्यस् कार्यलयबाछ सञ्चालन गरीने प्रस्तावनामा आधारीत अनुदान कार्यक्रम प्रासीका लागी हाम्रो कृषक समूह/कृषक सहकारी संस्थाको निर्णय प्रतिलिपि र तपशिल विवरण सहित यो निवेदन पेश गरेका छौं । हामी त्यस् कार्यलयले तोकेको कार्यविधिहरु अपनाई सोही अनुसार कार्यक्रम सञ्चालन गर्न पूर्ण रुपमा सहमत छौं ।

प्रस्तावना पत्र

१. समूहको पूष्ठभुमीः

२. समूह/संस्थाको नामः

३. समूह/संस्था दर्ता मितिः

४. किसिमः दलित( ), जनजाती ( ), मिश्रित ( ), अन्य ( )

५. समूह सदस्य संख्याः

६. समूह बैठक प्रकृयाः

७. हितकोष रकम रु. (हितकोष परिचालन प्रकृया)

८. समूहले गर्न चाहेको कार्यक्रमाको नामः

९. कार्यक्रम सञ्चालन स्थानः

१०. कार्यक्रमबाट लाभान्वीत हुने परिवार संख्याः



११. कार्यक्रमबाट प्राप्त हुने प्रतिफलः

१२. समूह/संस्थाले गर्न चाहेको कार्यक्रमको संक्षीप्त विवरणः

१३. माग गरेको कार्यक्रमलाई लाग्ने जम्मा बजेट रु.

१४. समूह/ संस्थाको आफ्नो श्रोतबाट ब्यहोरिने रु.

१५. समूह/ संस्थाले माग गरेको आर्थीक सहयोग रु.

निवेदक हस्ताक्षर नाम

कृषक समूह/संस्थाको छापः

**५. कार्यक्रमको नामः** प्राङ्गारीक मल उत्पादन तथा उपयोग प्रवद्धन कार्यक्रम

१. **संक्षीप्त नाम र प्रारम्भः** यस् कार्यविधिको नाम "**प्राङ्गारीक मल उत्पादन तथा उपयोग प्रवद्धन कार्यक्रम सञ्चालन कार्यविधि-२०७७**" रहेको छ ।

२. **उद्देश्यः** यस् कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्

(क) प्राङ्गारीक मलको महत्व र उत्पादनका लागी कृषक स्तरमा सचेतना बढाउने,

(ख) बढ्दो रसायनिक मलको प्रयोगलाई न्यूनिकरण गरी रसायन रहित गुणस्तरीय कृषि उत्पादन प्रबर्धन गर्न र

(ग) प्राङ्गारीक मलको ब्यापक प्रयोगबाट माटोको गुणस्तरमा सुधार गर्दै दीगो उत्पादन र उत्पादकत्व बृद्धी गर्ने ।

३. **समिति सम्बन्धी व्यवस्थाः** अन्य कार्यक्रम/ योजना बमोजीम हुने ।

- समितिको काम कर्तब्य तथा अधिकारः-
- कार्यक्रमको प्रस्ताव आह्वानको सूचना ढाँचा तयार गर्ने र सुचना प्रकाशन गर्ने
- कार्यक्रमको उद्देश्य अनुरुप सञ्चालन गर्न र अनुदान वितरणलाई व्यवस्थीत र मर्यादित बनाउन आवस्यक कार्य गर्नुका साथै आवस्यकता अनुसार अन्य उपसमिति पनि गठन गर्न सक्ने,
- दर्ता भएका प्रस्तावहरुले आवस्यक न्यूनतम आधारहरु पूरा गरेको/ नगरेको यकीन गरी पहिलो चरणमा प्रारम्भीक छनौट गर्ने/ गराउने,
- कार्यक्रम सञ्चालनका लागी सम्भावित अनुदानग्राहीहरुको छनौटको लागी आवस्यक स्थलगत निरिक्षण गर्ने/ गराउने,
- स्थलगत निरिक्षण टोलिको प्रतिवेदनमा उल्लेख भए अनुसार प्रस्तावहरुको मूल्याङ्कन प्रकृया अगाडी बढाउने वा अस्वीकृत गर्ने भन्ने निर्णय गर्ने,

- अनुदान ग्राहीको अन्तीम मूल्याङ्कन कार्यविधिमा तोकिए बमोजिमको मूल्याङ्कनको आधार व्यवस्थापन भए बमोजिम गर्ने,
- मूल्याङ्कन बमोजीमको योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधि भित्र रही सम्झौताको लागी निर्णय गर्ने/ गराउने,
- प्रस्तावकले प्रस्तावना गरेको कार्ययोजनालाई आवस्यकता भए प्रस्तावकको सहमतीमा परिमार्जन सहित अन्तीम रुप दिने,
- कार्यक्रमको सुपरिवेक्षण र अनुगमन आवस्यकता अनुसार सहयोग गर्ने ।

१.५ **कार्यक्रम सञ्चालन प्रकृयाः** यस कार्यक्रमको सञ्चालन प्रकृया देहाय बमोजिमको हुनेछः-

(क) यस् कार्यक्रमको सञ्चालन गाउँपालिकाले र कृषि शाखाको प्राविधिक सहयोगमा गर्नेछ ।

(ख) प्राङ्गारीक मल उत्पादन तथा उपयोग प्रबर्धन कार्यक्रमका लागी गाउँपालिका कृषि शाखाले १५ दिने सूचना प्रकाशन (गाउँपालिकाको वेबसाईट र फेसबुक पेजद्वारा वा अन्य माध्यम प्रयोग) गरी आयोजना प्रस्ताव माग गर्ने ।

(ग) आयोजना प्रस्ताव गर्ने कृषक / समूह / फर्म / सहकारी / उद्यमि / संस्थाको कम्तीमा १/२ कठ्ठा वा १ कठ्ठा जग्गा आफ्नै स्वामित्वको हुनुपर्नेछ वा घटिमा ५ बर्षको लागी लिज वा भाडामा लिएको करारनामा पेश गर्नुपर्नेछ ।

(घ) आवेदकले तोके बमोजिमको ढाँचामा प्रस्तावना पेश गरी माग गर्नु पर्नेछ ।

(ङ) तोकिए बमोजीमको प्रस्ताव तयार गरी आवस्यक कागजातहरु सहित सुचनामा तोकिएको कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ । दर्ता भएका प्रस्ताव सम्बन्धित कार्यालयले म्याद सकिएको मितिले ७ दिन भित्र कार्यक्रम सञ्चालन हुने निकायमा पठाई सक्नुपर्नेछ ।

(च) भौगोलिक र प्राविधिक सम्भाव्यताको आधारमा प्राप्त आवेदनहरुको स्थलगत निरिक्षण तथा मूल्याङ्कन ग्रामथतान गाउँपालिका र कृषि शाखाले गर्नेछ ।समितिबाट छनौट भएका प्रस्तावहरुको बारेमा सरोकार वालालाई जानकारी गराईनेछ ।



(छ) स्वीकृत प्रस्तावकसंग गा.पा.ले तोके बमोजीमको ढाँचामा सम्झौता गरी प्रस्ताव कार्यान्वयन अघि बढाउने काम ग्रामथान गाउँपालिकाको हुनेछ । तर तोकिएको समय भित्र सम्झौता गर्न नआएमा प्राथमिकता क्रममा त्यस्पछि रहेका प्रस्तावकसंग कार्यक्रम कार्यान्वयनको लागी सम्झौता गर्न सकिनेछ ।

(ज) कार्यविधिको कार्यान्वयन भन्दा अगावै विगत २ आ.ब. भित्र ग्रामथान गा.पा वा अन्य कुनै सरकारी निकायबाट सोही प्रयोजनका लागी अनुदान लगायतका सुविधा प्राप्त गरेका संस्थाहरुलाई दोहोरो सुविधा लिने गरी यस् कार्यविधि बमोजिम सुविधा प्राप्त हुनेछैन । तर सम्पपन्न भईनसकेका कार्यक्रमलाई यस् किसिमको सुविधा प्रदान गर्न बाधा पर्ने छैन ।

१.६ **कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कृयाकलापहरुः-** यस् कार्यक्रम अन्तर्गत देहायको कार्यहरु सम्पन्न हुनेछन्

(क) प्रङ्गारीक मल प्रबद्धन कार्यक्रम अन्तर्गत प्रङ्गारीक मल उत्पादन सम्बनधी तालिमका लागी बढीमा रु.२०,०००/- सम्म यस् ग्रामथान गाउँपालिकाले कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(ख) प्राङ्गारीक मल उत्पादन व्यवस्थापन अनुदान सहयोग अन्तर्गत भर्मी कम्पोष्ट पिट स्थापनाका लागी संरचना निर्माण सुधार कार्यमा सहयोग गरीनेछ ।

१.७ **प्रस्ताव मूल्याङ्कनका आधारहरुः**

| क.सं. | मूल्याङ्कनका आधारहरु | अधिकतम अंक | कैफीयत |
|---|---|---|---|
| १ | पूर्वाधार | **१६** | |
| | बाटोघाटो, बिजुलि पहुँच, सिंचाई उपलब्धता भएको | १० | |
| | बाटोघाटो, बिजुलि पहुँच, सिंचाई उपलब्धता नभएको | ६ | |
| २ | प्राङ्गारीक मल उत्पादन वा प्रस्तावित कृयाकलापमा सहभागीको अनुभव | **१५** | |
| | ५ बर्ष सो भन्दा बढी अनुभव भएको | ७ | |
| | २-४ बर्ष अनुभव भएको | ५ | |

| | | | |
|---|---|---|---|
| | १ बर्ष वा सो भन्दा कम अनुभव भए | ३ | |
| ३ | प्राविधिक पक्ष | **२०** | |
| | मल उत्पादन संग सम्बन्धीत विषयमा तालिम प्राप्त भए | १२ | |
| | तालीम प्राप्त नभए | ८ | |
| ४ | आर्थीक पक्ष | **१०** | |
| | नगद मौज्दात भए | ५ | |
| | ऋण स्वीकृत | ३ | |
| | नखुलेको | २ | |
| ५ | उत्पादन योजना | **७** | |
| | ५० प्रतिशत भन्दा बढी स्थानीय श्रोतमा आधारीत भए | ४ | |
| | ५० प्रतिशत भन्दा कम स्थानीय श्रोतमा आधारीत भए | ३ | |
| ६ | बजार योजना | **१०** | |
| | ५०-७५ प्रतीशत उत्पादन स्थानीय बजारमा खपत हुने भए | ६ | |
| | ५०-७५ प्रतीशत उत्पादन स्थानीय बजारमा खपत हुने नभए | ४ | |
| ७ | वातावरणीय पक्ष | **१५** | |
| | सकारात्मक प्रभाव भए | ८ | |
| | कुनै पनि प्रभाव नपर्ने भए | ५ | |
| | सामान्य नकारात्मक प्रभाव पर्ने भए | २ | |
| ८ | रोजगारी सिर्जना | **७** | |
| | २-३ जना सम्म रोजगारी सिर्जना भए | ४ | |
| | १-२ जना सम्म रोजगारी सिर्जना भए | ३ | |
| | जम्मा | १०० | |

नोटः कार्यक्रम व्यवस्थापन समितिले आवस्यकता अनुसार प्रस्तुत मूल्याङ्कनका आधारहरुको विस्तृतीकरण गर्न सक्नेछ र सो आधारहरु जेसुकै भए पनि स्थलगत



निरिक्षकबाट गरीने मूल्याङ्कनबाट उपयुक्त ठहर नभएका प्रस्तावहरु स्वतः अस्वीकृत हुनेछन् ।

१.८ **प्रस्तावकले पालना गर्नुपर्ने शर्तहरुः-** यस् कार्यक्रमका स्वीकृत प्रस्तावक वा अनुदानग्राहीले देहाय बमोजमका शर्तहरु पालना गर्नु पर्नेछ ।

(क) उक्त योजना बमोजिम सम्पन्न गरीने क्रियाकलापमा लाग्ने लागतको बढीमा ७५ % रकम वा रु.३५, ०००/- मध्ये जुन कम हुन्छ सो मात्र अनुदानमा उपलब्ध गराईनेछ तर प्रस्ताव गरीएका आयोजनाको कूल लागत अधिकतम रु. ४५,०००/- भन्दा बढी हुनेछैन ।

(ख) अनुदान प्राप्त गर्ने निजी उद्यमि/समूह वा सहकारी संस्थाको नाममा जग्गा भएको जग्गा धनि प्रमाण पुर्जा वा कम्तीमा ५ बर्षको जग्गा भोगाधिकारको करारनामा पत्रको प्रतिलिपि पेश गर्नु पर्नेट ।

(ग) प्राङ्गारीक मल उत्पादन तथा उपयोग प्रबर्धन कार्यक्रममा प्राङ्गारीक मल उत्पादन तथा उपयोगमा संलग्न कृषक/कृषक समूह/कृषि सहकारी/ तथा निजी उद्यमिहरुले आवेदन दिन सक्नेछन् साथै आवेदक संस्था अघिल्लो आ.ब. भित्र सम्बन्धीत निकायमा दर्ता भएको हुनु पर्नेछ ।

(घ) व्यवसायीक रुपमा प्राङ्गारीक मल उत्पादन गर्दा प्रचलित ऐन कानुन बमोजिम सम्बन्धीत निकायको अनुमती पत्र लिएर मात्र व्यवसायीक कारोबार शुरु गर्नुपर्नेछ । र सो को गुणस्तर र परिमाण सम्बन्धी अनुगमन ग्रामथान गा.पा वा कृषि शाखा वा अन्य निकायले गर्नेछ ।

१.९ **अनुदान प्रवाह विधिः-** देहाय बमोजिम हुनेछः-

(क) अनुदान रकम कार्य सम्पन्न प्रतिवेदनका आधारमा कार्यसम्पन्न पश्चात अनुदानग्राहीलाई एसीपेयी चेक मार्फत ग्रामथान गा.पा. बाट भुक्तानी दिईनेछ ।

(ख) अनुदानग्राहीले पेश गरेको विवरणको आधारमा ग्रामथान गा.पा तथा कृषि शाखा द्वारा अनुगमन भई प्रतिवेदनको आधारमा अनुदान रकम भुक्तानी दिईनेछ ।

(ग) ग्रामथान गाउँपालिकाले सम्बन्धीत मूल्याङ्कनबाट संलग्न कागजातहरु जाँच गरी वडा कार्यालयको कार्य सम्पन्न सिफारीसको आधारमा अनुदान रकम भुक्तानी गरिनेछ । निर्माण कार्यको हकमा भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कन्टिन्जेन्सि रकम कट्टा गरीनेछ ।

(घ) अनुदान प्राप्त गरी प्राङ्गारीक मल उत्पादन कर्ताले उत्पादन शुरु गरेको प्रमाण कार्यालयमा पेश भए पश्चात मात्र अनुदान उपलब्ध गराईने छ ।

६. **कार्यक्रमको नामः** कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यक्रम

- गाउँपालिका भित्र रहेका कृषकहरुलाई सबै किसिमका कृषि औजार, सामाग्री, मेशिन आदी कृषिजन्य विविध उपकरणहरु बढीमा ५० प्रतिशत सम्म अनुदान दिन सकिनेछ । जस्को लागी रीतपूर्वक गाउँपालिकाले सार्वजनीक सुचना जारी गर्नेछ ।
- गाउँपालिकाको सुचना बमोजीम कृषकको निवेदन वडा कार्यालयको सिफारीस सहित कृषि शाखामा दर्ता गराउनु पर्नेछ ।
- प्राथमिकिकरण गर्दा क्रमशः- कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी, व्यक्ती, कृषि फर्म लाई प्राथमिकता दिईनेछ ।
- पावर ट्रिलर, मकै छोडाउने मेशिन, पानि तान्ने सिंचाई मोटर लगायतमा अनुदान दिईनेछ ।
- अन्य उपकरण, मेशिन, औजार, सामग्रीमा दिईने अनुदान रकम गाउँपालिकाको थप कार्यक्रम र निर्णय बमोजीम हुनेछ ।
- उपकरण, मेशिन, औजार र कृषि सामग्रीमा गाउँपालिकाले खरिद गरी अनुदान बाहेकको रकम सम्बन्धीत कृषकबाट गाउँपालिकाको वा श्रोत फर्म/पार्टी को खातामा दाखिला गराई सकेपश्चात मात्र उपलब्ध गराईनेछ वा सोझै आपूर्तीकर्ता संग सामग्री लिई विल भरपाई, वडा कार्यालयको कार्य सम्पन्न सिफारीस पेश गरी गा.पा.मा भुक्तानी माग



गर्न सकिनेछ भने अनुगमन मूल्याङ्कनको आधारमा भुक्तानी दिईनेछ भने आपूर्तीकर्तालाई नियमानुसार रकम बुझाउनु पर्नेछ ।

- उक्त रकम नबुझाएमा प्रचलित नियम कानुन बमोजीम कारवाही गरीनेछ ।
- उपकरण, मेशिन, औजार र कृषि सामग्री खरिद प्रकृया गाउँपालिकाको सार्वजनीक खरीद ऐन तथा नियमावली / सार्वजनीक खरीद ऐन २०६३ तथा नियमावली २०६४ बमोजीम हुनेछ ।

**उपभोक्ताले पालन गर्नुपर्ने शर्तहरुः**

क) उपभोक्ता कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनुपर्नेछ ।

ख) व्यक्तीगत (एक वा एक भन्दा बढी संयुक्त रुपमा आएमा)

- ✓ नागरीकता प्रमाण पत्र प्रतिलिपी
- ✓ मेशिनरी औजार सञ्चालन तथा मर्मत सम्भार सम्बन्धी तालिम लिणको भए सो को प्रमाण पत्र
- ✓ लालपुर्जाको प्रतिलिपी (खाद्यान्न, तरकारी, आलु, दलहन, तेलहनm, फलफूल आदी बालीको लागी १.५ विघा नघटाई )
- ✓ आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारको नाममा जग्गा भएमा नाता खुल्ने कागजातको प्रमाण पेश गर्नुपर्नेछ
- ✓ आफूले कमाई आएको जग्गा (गुठी स्वामित्वको वा मोही भएको वा अधिया भएको) वा करारमा लिएको भएमा कम्तीमा ५ वर्ष सम्झौता अवधी रहेको प्रमाण सहित पेश गर्नु पर्नेछ ।

ग) संस्थागत उपभोक्ताको लागी (कृषक समूह/कृषि सहकारी/ कृषक फर्म)

- ✓ संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी
- ✓ संस्था नविकरण प्रमाण पत्रको प्रतिलिपि
- ✓ संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपी
- ✓ गत आ.ब. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी

- ✓ संस्थाको निर्णय प्रतिलिपी
- ✓ जीम्मेवार दिई खटाउने पदाधिकारीको नागरीकताको प्रमाणीत प्रतिलिपी र पासपोर्ट साईजको फोटो १ प्रति
- ✓ लालपुर्जाको प्रतिलिपी (खाद्यान्न, तरकारी, आलु, दलहन, तेलहन, फलफूल आदी बालीको लागी ५ विघा नघटाई)
- ✓ आफूले कमाई आएको जग्गा (गुठी स्वामित्वको वा मोही भएको वा अधिया भएको) वा करारमा लिएको भएमा कम्तीमा ५ वर्ष सम्झौता अवधी रहेको प्रमाण सहित पेश गर्नु पर्नेछ ।

घ) अनुदानमा उपलब्ध गरीएको कृषि यन्त्र उपकरणहरु कृषि कार्यको समय कृषि कार्यमा प्रयोग नगरी अन्य गैह्र कृषि कार्यमा प्रयोग गर्न पाईने छैन ।

ङ) सम्झौता बमोजीम उपभोक्ताले यस् ग्रामथान गा.पा. बाट प्राप्त गरेको अनुदान रकम आपूर्तीकर्तालाई भुक्तानी गर्नुपर्नेछ ।

च) उपभोक्ताले अनुदान बापत पाएको रकम समयमा आपूर्तीकर्तालाई भुक्तानी नदिएमा आपूर्तीकर्ताले उपलब्ध गराएको यन्त्र औजार उपकरण फीर्ता लिई सो अवस्थामा प्रचलित कानून बमोजीम असुल उपर गर्नेछ ।

➢ **मूल्याङ्कनका आधारहरुः**

1. सिफारीस भई आएका प्रस्तावहरुको आर्थीक मूल्याङ्कनको लागी ३५ अंक, र प्राविधिक मूल्याङ्कनका लागी ६५ अंक भार मानी कुल १०० भारमा मूल्याङ्कन गरीने छ ।
2. उपदफा (१) बमोजिमका प्रप्त हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गर्दा ६० अंक भार प्राप्त गर्ने प्रस्तावहरु अनुदानमा कृषि यन्त्र उपकरण आपूर्ती गर्न छनौट गरीनेछ ।



**७. कार्यक्रमको नामः** विविध

- ✓ अन्य कुराहरु अद्यान्न ऐन, नियम कानुन एवं राष्ट्रीय कृषि निति २०६१ बमोजीम हुनेछ ।
- ✓ यस् कार्यविधि २०७७ लाई समय सापेछ रुपमा परपमार्जन तथा संशोधन गरी लागु गर्ने कार्य कृषि शाखाको सिफारीसमा गाउँ सभाले आवस्यकता अनुसार गर्न सक्नेछ ।